नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :
मिति :

## प्रेस विज्ञप्ति

आज मिति २०७३/०७/०४ गतेका दिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नेपाल सरकारका मुख्यसचिव डा. सोमलाल सुवेदीज्यूको संयोजकत्वमा राष्ट्रिय उर्जा संकट सम्बन्धमा छलफल भई देहाय बमोजिम निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

निर्णयहरु:

१. गत बर्ष तयार भएको लोडसेडिङ्ग न्यूनीकरण कार्य योजनालाई दृष्टिगत गर्दै सो कार्ययोजना अनुरुप लोडसेडिङ्ग न्यूनिकरण हुने व्यवस्था मिलाउन सम्बन्धित निकायहरुलाई समन्वयात्मक रुपमा कार्य गर्न निर्देशन दिने ।

२. गत आर्थिक वर्षमा २०० मेगावाट विद्युत उत्पादन गर्ने लोडसेडिङ्ग न्यूनिकरण कार्ययोजनाको लक्ष्य रहेकोमा हालसम्म ८६ मेगावाट मात्र उत्पादन भएको पाईएकोले आगामी असार मसान्त भित्र कम्तीमा २०० मेगावाट विद्युत उत्पादन कार्य सम्पन्न गर्नेगरी कार्य गर्न उर्जा मन्त्रालयलाई निर्देशन दिने ।

३. यो बर्ष हिउँदयाममा हुनसक्ने लोडसेडिङ्गलाई मध्यनजर गर्दै लोडसेडिङ्ग न्यूनिकरण गर्न विभिन्न वैकल्पिक उपायहरु अवलम्वन गरी लोडसेडिङ्ग न्यून गर्ने व्यवस्था उर्जा मन्त्रालयले मिलाउने ।

४. दीर्घकालीन रुपमा जलविद्युत उत्पादन, प्रशारण र वितरण प्रणालीलाई अनुमान योग्य र प्रभावकारी बनाउन नेपाल सरकार, निजी क्षेत्र लगायतबाट उत्पादन हुन सक्ने जलविद्युतको उत्पादन क्षमता, आवश्यक पर्ने जनशक्ति, अन्य स्रोत र साधनको आंकलन गर्न उर्जा मन्त्रालयले यथाशिघ्र विस्तृत अध्ययन विश्लेषण गर्ने ।

उक्त बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उर्जा मन्त्रालय, वन तथा भु-संरक्षण मन्त्रालयका सचिव, जनसंख्या तथा वातावरण मन्त्रालयका निमित्त सचिवका साथै नेपाल विद्युत प्राविधिकरणका कार्यकारी निर्देशकको समेत उपस्थिति रहेको थियो ।

(चिरञ्जिवी पौडेल)
उपसचिव/सहायक-प्रवक्ता

२०७३ कात्तिक ४

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np